# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan








वर्ष १८, अंक ५, २०८१ माघ १-१५ | Vol. 18, No. 5, January 16-31, 2025


## नेपालमा कस्तो रहला ? ट्रम्प प्रशासनको प्रभाव !



❑ नेस डेस्क

टोकियो- विश्वकै शक्तिशाली राष्ट्र अमेरिकामा नवनिर्वाचित राष्ट्रपति डोनल्ड ट्रम्प दोस्रोचोटी साशनसत्तामा फर्किएका छन् । उनले शपथ ग्रहण गरेलगत्तै ट्रम्पको विदेश नीतिको असर नेपालसम्म आईपुग्न सक्ने प्रक्षेपण परराष्ट्र तथा आर्थिक मामिलाका जानकारहरूबाट गर्न थालिएको छ ।

परराष्ट्र मामिलाका कतिपय जानकारहरू भने भारत र चीनबीच अवस्थित नेपाल भूराजनीतिक कारणले अमेरिकी 'रडार' मा परिरहने भए पनि दुईपक्षीय सम्बन्धमा धेरै फेरबदल नहुने आंकलन गरिरहेका छन् ।

ट्रम्पको पहिलो कार्यकालमा नै नेपाल र अमेरिकाबीच 'मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) कम्प्याक्ट' मा हस्ताक्षर भएको थियो । यसअन्तर्गत अमेरिकाले नेपाललाई ५० करोड अमेरिकी डलर (६९ अर्ब ३३ करोड रूपैयाँभन्दा बढी) अनुदानमा उपलब्ध गराइरहेको छ । राष्ट्रपति बाइडेनको कार्यकालमा अमेरिकी सरकारले नेपाली अधिकारीहरूलाई 'अल्टिमेटम' दिएपछि नेपालको संसद्ले एमसीसीलाई अनुमोदन गरेको थियो ।

यसै महिना मात्र एमसीसीले »» बाँकी पृष्ठ ७ मा

## थ्रेसहोल्ड बढाउने कुरामा निरंकुशताको गन्ध




❑ नेस डेस्क

काठमाडौँ- माओवादी केन्द्रका सांसद माधव सापकोटा 'सुबोध' वैचारिक रूपमा खरो बहस गर्न सक्ने स्पष्ट वक्ता हुन् । बोल्नुअघि सम्बन्धित विषयको गहिराइमा पुगेर अध्ययन गर्ने उनी विषयमाथि कडा शब्दमा जवाफ दिन सक्छन् । यही कारणले उनी माओवादीको प्राथमिकतामा परेका छन् । सरकारले लय बिगारेको तर्क गरेका उनले अध्यादेशबाट देश सञ्चालन गर्ने तरिका ठिक नभएको बताए । काँग्रेस चुप बसेर ओलीको पिछलग्गु बनेको उनी ठान्दछन् । उनै युवा नेता सापकोटासँग अध्यादेशका सन्दर्भमा विपक्षी दलको धारणा, हालै सम्पन्न पार्टीको केन्द्रीय समिति बैठकका निर्णय र अगामी रणनीतिको विषयमा नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः-

**सरकारले संसद् नचलेको मौकामा चारवटा अध्यादेशमार्फत् करिब २७ वटा कानून संशोधन गरेको छ, प्रतिपक्षीलाई खबर छ कि छैन ?**

औपचारिक रूपमा प्रतिपक्षीलाई अहिलेसम्म जानकारी दिएको छैन । मैले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' संग पनि सोधेको थिए । उहाँले औपचारिक जानकारी आएको बताउनुभएन । तर अनौपचारिक रूपमा सबैतिर छताछुल्ल भएको छ । अध्यादेश राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको सूचना छ । तर हामी प्रतिपक्षीलाई औपचारिक रूपमा जानकारी छैन ।

**अध्यादेश आउन लागेको थाहा रहेछ त ! प्रतिपक्षी किन चुप लागेर बसेको ?**

हामी बोलिरहेका छौं । व्यक्तिगत रूपमा हरेक सार्वजनिक कार्यक्रममा अध्यादेशको विषयमा । सरकार निरंकुश शासन सञ्चालन र अभ्यासको बाटोमा छ भनिरहेका छौं । यहाँसंग भन्दा पनि त्यही हो । सरकारले संसद् छलेर अघि बढेको छ । अघिल्लो पटक यो समयमा सरकारले प्री-बजेट संसदमा ल्याइसकेको थियो । हामी प्री-बजेटको छलफलमा थियौं । अहिले पनि प्री-बजेटमा छलफल गरिसक्नुपर्ने हो । त्यसो भएर मात्रै बजेट र नीति कार्यक्रम प्रभावकारी हुनुपर्थ्यो । तलका भावना समेटिन्थे, तर त्यो »» बाँकी पृष्ठ ७ मा










## ✍ सम्पादकीय

# आउनु अघि जापान बुझ्न जरूरी

जापानमा नेपालीहरू आउने क्रम बढ्दो छ । दुईलाखभन्दा बढिको संख्यामा नेपालीहरू रहेको जापानमा अवसरै अवसर मात्रै छैनन् चुनौती पनि उत्तिकै छन् भन्ने तथ्यलाई बुझ्न र बुझाउन नसक्दा जापानमा नेपालीहरू विचल्लीमा पर्ने गरेको पाईन्छ । त्यसपछि एकले अर्कोलाई दोषारोपण गरेर आफु पानीमाथिको ओभानो हुन खोजेको र सबै अरूका कारणले आफु समस्यामा पर्नुपरेको जस्ता भाष्य सिर्जना गरिएको पाईन्छ । वैदेशिक यात्रा तय गर्नुअघि गन्तब्य मुलुकको बारेमा आधारभुत जानकारी हुनु स्वयमको पहिलो कर्त्तब्य हो । यसैगरी त्यसबारेमा सम्बन्धित सरोकारवला निकायहरूले पूर्व तैयारीका लागि अभिमुखीकरण तालीमको ब्यवस्था गरी कलिला किशोर-किशोरीहरूलाई समस्यासंग जुध्न सक्ने मनोबल उच्च बनाएर पठाउने हो भने धेरै हदसम्म उनीहरू विदेशमा त्यति हतोत्साहित हुनुपर्ने थिएन जति अहिले भईरहेका छन् । भाषा पढ्न आउने विद्यार्थीहरू हुन् या सिधै रोजगारीमा आउने नेपाली हुन् प्राय:जसो उनीहरू जापान आएको भोलिपल्टैबाट एकपछि अर्को समस्यामा पर्ने गरेको र जापानबारे पूरै अनभिज्ञता हुने गरेको पाईएको छ । उनीहरूलाई जापान पठाउने स्कुल, कलेज वा कल्सल्ट्यान्सीहरूले जापानमा दैनिक जीवन यापनका क्रममा ध्यान दिनुपर्ने महत्वपूर्ण विषयका साथै जापानी भाषाको महत्व बारे राम्रोसंग बुझाउन नसक्दा स-साना समस्याको पनि सामना गर्न नसक्ने, निर्णय क्षमताको अभाव हुने, अपरिपक्व र अप्रिय निर्णय गर्ने गरेको पाईन्छ । वैदेशिक रोजगारीको गन्तब्य मुलुककारूपमा नेपालीहरूको रोजाईमा जापान परेता पनि यहाँको जापानी भाषाको उच्च महत्व बारे बुझ्न र बुझाउन नसक्नु सबैभन्दा ठूलो कमजोरी हो ।

उसो त प्रतिस्पर्धात्मक जापानको श्रमबजारमा अन्य मुलुकका नागरिकको तुलनामा भाषाज्ञान, सीप, क्षमता, दक्षता र अनुभवको हिसाबले हामी नेपाली अलि कमजोर नै मानिन्छौं । त्यसमाथि थप जान्ने, बुझ्ने, सिक्ने र अध्ययनशील भई आफुलाई अपग्रेड गर्ने मामिलामा हाम्रो ध्यान पटक्कै छैन । फेसबुक, टिकटक चलाएर अनाहकमा घन्टौ समय खेर फाल्न हामीलाई कुनै प्रवाह छैन तर आफुलाई दिनदिनै काम लाग्ने सिकेपछि जीवनभरिलाई हुने जस्ता महत्वपूर्ण बिषयमा हामी ध्यानै दिदैंनौ अनि हामीले दुख नपाएर कसले पाउने ? सोही कारण जापानको श्रमबजारमा उपलब्ध कतिपय राम्रा-राम्रा रोजगारीका अवसर नेपालीहरूका लागि लंकाको सुन जस्तै साबित भएको छ ।

जापानमा नेपालीहरू थपिने क्रमले तीब्रता पाईरहेको छ । धेरैजसो सीप सिकेर, भाषा जानेर, जापान बुझेर भन्दा नितान्त आलाकाँचा र जापानबारे पटक्कै जानकारी नभएकाहरू एकैचोटी नारिता विमानस्थलमा ओर्लन आईपुग्छन् । त्यसपछि उनीहरूको तनावका दिन सुरू हुन्छन्, कारण उनीहरूमा पूर्वतैयारी केहि पनि हुँदैन । यी र यस्तै कमजोरीको फाइदा उठाई कतिपय गलत नियतका मानिसहरूले उनीहरूलाई दुख दिने गरेको घटनाहरू पनि बाक्लिन थालेका छन् । त्यसो भएको हुनाले जापान आउनुपूर्व हरेक नेपालीले जापानी भाषा सम्बन्धि आधारभुत ज्ञान र जापानको बारेमा मोटामोटी जानकारी हुनु अति जरूरी छ, यस बारेमा नेपालमा व्यापक जनचेतना फैलाउन आवश्यक छ, यसतर्फ राज्य तथा सरोकारवला निकायहरूको बेलैमा ध्यान जानुपर्दछ ।

यतिबेला जापानमा विद्यार्थी मात्रै नभएर रेष्टुरेन्ट क्षेत्रमा काम गर्ने कुकदाजुभाइ र ब्याचलर गरी सिधै वर्किङमा आउनेहरूको लर्को छ । यहाँ आईसकेपछि कहाँ बस्ने, के खाने, के काम गर्ने, समस्या पर्दा कोसंग सम्पर्क राख्ने, अगाडिको भिसा कसले जिम्मा लिने जस्ता थरिथरिका समस्याहरूले आएको भोलिपल्टैबाट उनीहरूलाई एकैचोटी पिरोल्न थाल्छ भने यता आउँदा लागेको उताको ऋणको भारीले थिच्न सुरू गर्छ । त्यसो भएको हुनाले जापान भन्दा बित्तिक्कै विचारै नगरी अन्धाधुन्ध जोखिम मोल्नुहुँदैन । त्यसोभएको हुनाले नवप्रवेशी नेपालीहरूका लागि जापान आउँदाबितिक्कै अभिमुखीकरण सेमिनार आवश्यक छ । जापानमा नयाँ जीवन कसरी सुरू गर्ने, अब कसरी अगाडि बढ्ने, कुन समस्याका लागि कहाँ सम्पर्क गर्ने, जापानको जीवनशैली सहज बनाउन के गर्ने, रोजगारी, सार्बजनिक यातायात, बैंकिङ सेवा, अस्पताल, स्थानीय निकायबाट पाईने सेवा सुविधा, बिमा, पेन्सन, प्राकृतिक प्रकोप, फोहरमैला ब्यवस्थापन, किनमेल, जापानी समुदायसंगको घुलमिल जस्ता विषयमा उनीहरूलाई राम्रोसंग बुझाउन सक्ने हो भने धेरै हदसम्म समस्याको न्युनिकरण हुँदै जाने अपेक्षा गर्न सकिन्छ । त्यसैले यी र यस्ता विषयमा जापानका सयौं संघसंस्थाहरूको रचनात्मक तथा सिर्जनात्मक पहलकदमी अपेक्षित छ ।

अंग्रेजी नयाँ वर्ष २०२५ को विदा परेको कारणले पौष १६-३१ (January 1-15) अङ्क प्रकाशन गर्न नसकिएकोमा क्षमाप्रार्थि छौँ । -सम्पादक




# आजको अभूतपूर्ब संकट र जनता एकजुट हुनुपर्ने अवस्था



## विचार

✍ लोकनारायण सुबेदी

हुन त बिश्वमा बिगतदेखि अहिलेसम्म बिभिन्न स्तरमा समस्या समाधानका लागि अनेक सोच र समर्पणका कुराहरू प्रचलित नरहेका होइनन् । तर मूलत: सबैभन्दा बढी देश र जनताका लागि, अनि बर्गीय शोषण र सामाजिक उत्पीडनबाट मुक्तिका लागि या जाति र धर्म बिशेषका लागि समर्पित हुने गरेका तस्वीरहरू नै बिश्वभरी बढी देखिदै आएका छन् । यसका अतिरिक्त बिभिन्न ठाउँहरूमा बिभिन्न किसिमका क्षेत्रीय, प्रान्तीय, नश्लीय पहिचानका लागि पनि यस्ता समर्पण र लगावका भाव देखापर्ने गरेका छन् । यसका अतिरिक्त हिजोदेखि अहिलेसम्म पनि बिश्वभरि कै सबै मानिसको बिश्व बन्धुत्वको सबैभन्दा महत्वपूर्ण पहिचानको कुरा पनि हुने गर्दछ । अनि त्यस्तै 'बिश्वका सम्पूर्ण शोषित पीडित जनसमुदाय एक होऔं' भन्ने नाराले पनि बिश्वब्यापी रूप लिएर पछिल्लो दुई शताब्दी यताको समय बिकसित बिश्व नारा भएको पनि सर्बबिदितै छ । तर त्यसलाई आज त्यत्तिको महत्व दिइने गरेको पाईदैन । यद्यपि यो बिश्व बन्धुत्व अर्थात बिश्व नागरिकता र भाइचारा तथा एक बर्गीय परिवारको पहिचान दिलाउने मूल कुरा भइसकेको छ ।

हुन पनि सबै मानिसहरू एउटै बिश्वका नागरिक हुन् भन्ने सोचले कुनै रंग, नश्ल, जाति, धर्म, क्षेत्रीयता, राष्ट्रियता जस्ता कुनै पनि आधारमा भेदभाव गरिदैन भन्ने नै निष्कर्श निस्कन्छ । कुनै भेदभाव बिना सबै मानिसको भलाईलाई नै यो सोचको आधार बनाईन्छ । त्यसैले यसमा सबै किसिमका संकीर्णताभन्दा माथि उठेर बिश्वलाई नै आफ्नो मान्ने र ठान्ने ब्यापक भावना रहेको हुन्छ । त्यसैले यस दृष्टिकोणले बिश्वमा जुनसुकै ठाउँमा टकराव हुने कुनै गुञ्जायस रहन दिदैन र दिइनुहुँदैन भन्ने सन्देश उत्पन्न हुन्छ । अनि त्यस्तो समाजमा शान्तिपूर्ण उपायद्वारा समाधान निकाल्ने बातावरण बन्छ र त्यसरी समस्याहरू हल गर्ने अधिकतम प्रयत्न हुन्छ । त्यतिबेला कुनै पक्षको स्वार्थ साधना गर्ने कमै गुञ्जायश त्यहाँ रहन्छ । यस प्रकारको समानतामा आधारित मानबीय सद्भावको सोचको जति बढी प्रचार प्रसार हुन्छ कुनै युद्ध, गृह युद्ध र अनेक किसिमका हिंसाको आशंका पनि स्वयं नै समाप्त हुँदै जाने बातावरण बन्दछ । तर बर्तमान समय जतिबेला युद्ध र हतियार सर्बाधिक बिनाशक भइसकेका छन् त्यसले गर्दा युद्ध र युद्धजन्य बिनाशकारी गतिबिधिहरूलाई कम गर्नुपर्ने आवश्यकता बिश्वमा सबैभन्दा बढी आज बढेको छ ।

अनि युद्ध बाहेक आज बिश्वको दोश्रो अत्याधिक चर्को समस्या पर्यावरणीय समस्या बनेको छ । बिशेषत: बिकसित शक्ति राष्ट्रहरूले बढदो गर्मी, जलवायु परिबर्तन, कार्बन उत्सर्जन आदि जस्ता गम्भीर बिश्व समस्याकाप्रति आफ्ना संकीर्ण स्वार्थभन्दा माथि उठेर प्रस्तुत हुनुपर्ने अर्को आजको ज्वलन्त आवश्यकता बनेको छ । किनभने यो त हाम्रो पृथ्वीको जीवनदायिनी क्षमतालाई बचाउने अत्यन्तै महत्वपूर्ण अपरिहार्यरूपमा समाधान गरिनै पर्ने समस्या हो । बास्वतमा यो धरतीमा बिभिन्न किसिमका विविधताले भरीपूर्ण जीवन हुर्किने स्थिति बनेको छ । त्यसैले बिश्व स्तरमा सबै देशहरूको सहयोगको अति आबश्यकता छ । माथि भनिए जस्तै बिश्व नागरिकता, बिश्व बन्धुत्व र बिश्वका सम्पूर्ण शोषित पीडित जनता एक होऔं भन्ने सोचको बिकास भयो भने पछिल्लो समय प्रकृतिको जथाभावी निर्मम दोहनका कारणले उत्पन्न भए गरिएका गम्भीर पर्यावरणीय समस्याहरू सही किसिमले सुल्झाउन ठूलो मद्दत मिल्दछ । यसमा जीवनका सबै रूपहरूको रक्षा र भाबी पिढीको सुरक्षाको सोच पनि समावेश गरिनै पर्दछ । यसरी बिश्वलाई जोगाउने हिसावले बिश्वबन्धुत्वको भावनाकासाथ सम्पूर्ण उत्पीडित जनसमुदायले एक भएर काम गर्ने हो भने निश्चय नै बिश्वका विभिन्न समस्याहरू सुल्झाउन मद्दत मिल्दछ । त्यसैले आज यस्तो स्थिति बिकसित गर्न आवश्यक र अनुकूल कदम चाल्न एकदमै आवश्यक र अपरिहार्य भइसकेको छ ।

बिश्वमा आज हुन त यी समस्या समाधानका लागि बिभिन्न सार्थक आन्दोलनहरू पनि चलिरहेका छन् । तिनका अनुभवहरूबाट पनि अनेकौ सकारात्मक कुराहरू सिक्न सकिन्छ र सिक्नैपर्दछ । यस सम्बन्धमा बिश्वका बिभिन्न देशहरूमा चलिरहेका सार्थक र सक्रिय जन आन्दोलनहरूले एक अर्काका अनुभवहरूबाट धेरै कुरा सिक्न सक्छन् । यसरी परस्पर नजिक आउने र एक अर्कालाई अझ राम्रोसँग चिन्ने जान्ने कुरा पनि बढ्दै जान्छ । तर आजको बिग्रदो बिश्व परिस्थितिमा यो पारस्परिक क्रमलाई तीब्ररूपमा बढाउनुपर्ने आवश्यकता अझ बढ्न गएको छ । बिश्वका लब्ध प्रतिष्ठित बैज्ञानिहरूले बिश्वको यो समस्यालाई लिएर चेतावनी दिइरहेका छन् कि अब त धरतीमा विविधता भरिएको जीवन हुर्कने र बढ्ने किसिमका स्थिति नै संकटमा पर्न गएको छ । यसो हुनमा बिभिन्न किसिमको पर्यावरण बिग्रेर जानु नै हो ।

यसका अतिरिक्त भबिष्यका युद्धहरूमा यदि महाबिनाशका हात हतियारहरूको उपयोग भयो भने त्यसले पनि पृथ्वीको जीवनदायिनी शक्ति नै नाश गर्ने छ । त्यस्ता प्रकारका बिनाशकारी हतियारहरूको बिशाल भण्डार पहिले नै एकतत्र भइसककेका छन् र त्यस्ता खतरनाक हात हतियारको होडबाजी बिश्वमा जारी छ । यसका अतिरिक्त बिद्यमान बिश्व नेतृत्वबाट अहिलेसम्म यस्तो कुनै प्रभावकारी कदम चालेर बिश्वको बिनाशकारी स्थितिलाई रोक्न सकेको पनि छैन । बैज्ञानिक क्षेत्रबाट समस्याको गम्भीरतका बारेमा प्रष्ट गराउँदा गराउँदै पनि यी समस्यामा कुनै कमी आएको छैन । बरू बढेको छ । अति शक्तिशाली मानिएका देशका नेतृत्वले यी समस्याहरूलाई अहिले पनि आफ्नो प्राथमिकतामा राखेका छैनन् । बरू त्यसबाट पछि हटेका छन् । यस स्थितिमा आज बिश्वका जनआन्दोलनहरूको जिम्मेवारी बढ्न जान्छ कि यी सबैभन्दा गम्भीरतम समस्यालाई बुझेर तिनको समाधानका लागि बढ्दो भूमिकालाई स्वीकार गरून् तथा यस अनुकूल मेहनत तथा तयारी गरून् । यसका लागि उनीहरूले ब्यापक एकता निर्माण गर्नुपर्नेछ स्वयं आफ्नो देशमा र त्यस बाहिर पनि । धेरै सानो स्तरमा कार्य गर्दै उनीहरूले यत्रो बिस्तृत मुद्दालाई प्रभावित पार्न सक्तैनन् । उनीहरूले मुद्दा मिल्ने सबैसँग गठबन्धन र एकताको खोजी गर्नै पर्दछ । उनीहरूले बिश्वका बिख्यात बैज्ञानिकहरू, बिशेषज्ञहरू र प्रतिष्ठित नागरिहरूलाई पनि साथमा जोड्नु पर्दछ । बिशेषगरी ती प्रतिष्ठित ब्यक्तिहरू जो पहिलादेखि नै यी बिश्वका सबैभन्दा महत्वपूर्ण समस्याहरूलाई उच्च प्राथमिकताको आधारमा सुल्झाउनका लागि प्रयास गर्दै आएका छन् ।

यस नयाँ जिम्मेवारहरूलाई सम्हाल्नका लागि बिभिन्न जनसंगठन तथा आन्दोलनहरू अघि बढे भने तिनलाई पहिलो कदममा आफ्नै सरकारहरूबाट बिभिन्न किसिमका रोकतोक हुनसक्छन् र तिनको सामना गर्नुपर्ने हुन्छ । तर यदि बिश्व स्तरमा यो अभियान ब्यापक बन्यो भने त ती समस्याहरूलाई सुझाउन पनि सकिन्छ । जनआन्दोलनको मूख्य भूमिका के हो भने जीवनको अस्तित्वलाई नै खतरामा धकेल्ने किमिसका गम्भीर समस्याहरूलाई जन साधरणका बीच लैजानु पर्दछ जसले गर्दा आम भूई मानिसहरूको तर्फबाट ती समस्याहरूलाई उच्च प्राथमिकता दिनका लागि ठूलो दबाब बनोस् । यी समस्याहरूको महत्वको समय छँदै ब्यापक समझ बन्यो भने सरकारहरूमाथि पनि समयमै तिनलाई सुल्झाउनका लागि प्रभावकारी दबाब बन्न सक्छ । के पनि मूर्तरूपमा आवश्यक छ भने समस्याहरूको जुन कुनै पनि समाधान खोजिन्छ ती न्याय, समानता र जन-लोकतन्त्रको परिधिभित्र नै खोजिनु पर्दछ । यस प्रकारको सही बाटो खोजि गर्न र ब्यापक सहमति बनाउनमा जनआन्दोलन तथा जन संगठनहरूको महत्वपूर्ण भूमिका हुन सक्दछ । निसन्देह, यो भूमिका सफलतापूर्बक निर्बाह गर्नका लागि तिनले मेहनतपूर्बक तयारी गर्नैपर्दछ ।

हालैका समयमा जस्तो स्थिति बिश्व स्तरमा तीब्र किसिमले उत्पन्न भइरहेको छ तिनका कारणले बिश्वभरी नै जन आन्दोलनहरूको निकटता र मित्रतालाई तीब्रतापूर्बक बढाउने आवश्यकता पनि अहिले पहिला पहिलाभन्दा धेरै नै बढेको छ । बिश्वका बिभिन्न बैज्ञानिकहरूले चेतावनी दिइरहेका छन् कि अब त पृथ्वीमा बिबिधताले भरिएको जीवन जन्मिने र हुर्किने स्थिति नै अत्यन्तै संकटग्रस्त भइसकेको छ । यस्तो स्थिति बिभिन्न किसिमका पर्यावरण बिनाशका कारण उत्पन्न भएको हो । यसका अतिरिक्त भबिष्यका युद्धहरूमा यदि महाबिनाशकारी हतियारहरूको उपयोग गरियो भने झनै त्यसले त पृथ्वीको जीवनदायिनी शक्तिलाई अत्यन्तै भयङ्कर खतरामा पार्नेछ । बिश्वको बर्तमान नेतृत्वलाई यसमा कुनै सफलता त मिलेको छैन र त्यसबाट धरतीको जीवनको अबस्थालाई संकटग्रस्त तुल्याउने यस्ता कारकहरूमाथि प्रभावकारी रोक लगाउन सकुन् । पर्याबरण बचाउन र युद्ध रोक्न बिश्व जन समुदाय खडा हुनै पर्दछ । योभन्दा अरू कुनै सार्थक बिकल्प छैन, बिनाश बाहेक !

# प्रकोपजन्य विपदमा जोगिने उपाय बारे विदेशी लक्षित पूर्वाभ्यास कार्यक्रम हुँदै




❑ नेस संवाददाता

टोकियो – भूकम्प गईरहने देशको चिनारी पाएको जापानको राजधानी टोकियो आसपासलाई केन्दबिन्दु पारेर निकट भविष्यमा ठूलो भूकम्प जाने भूकम्पविदहरूको प्रक्षेपण छ । प्राकृतिक प्रकोपलाई रोक्न नसकिएता पनि त्यसबाट हुने क्षतिलाई कम गर्न भने अवश्य सकिन्छ । तर त्यसका लागि पूर्व तैयारी र उच्च सतर्कता भने अवश्य जरूरी हुन्छ ।

त्यसैका लागि वर्षेनि ठूलो बजेट खर्च गरेर जापान सरकारले मातहतका विभिन्न निकायहरू मार्फत त्यस सम्बन्धि सचेतनामुलक अभिमुखीकरण कार्यक्रम गर्दै आईरहेको छ । यसै सन्दर्भमा टोकियो महानगरीय सरकारले यहाँ रहेका विदेशीहरूलाई लक्षित गरी प्राकृतिक प्रकोपजन्य घटनाबाट कसरी बच्न सकिन्छ र यसबाट हुने क्षतीलाई कसरी न्युनिकरण गर्न सकिन्छ भन्ने उद्देश्यले Disaster Experience Event का रूपमा एक सचेतनामुलक कार्यक्रम गर्ने भएको छ । उक्त कार्यक्रम आगामी फेब्रुअरी १६ तारिख आईतबारका दिन हुने बताईएको छ । नेपाली भाषाका सहकजकर्ताको सुबिधा समेत रहेको सो कार्यक्रम बिहानी सत्र र अपरान्ह सत्र गरी दुई सत्रमा बिभाजन गरिएको छ । बिहानीको सत्र १०:५० बजेदेखि ११:५० बजेसम्म हुने छ भने अपरान्हको सत्र १२:५० देखि १४:४० बजेसम्म हुने बताईएको छ । बिहानीको सत्रका लागि रिसेप्शन १०:३० बजेबाट खुल्ला हुने छ भने अपरान्हको सत्रका लागि १२:३० बजेबाट बाट खुल्ला हुने जनाईएको छ । इकेबुकुरो बोसाइखान (237-8 Nishi Ikebukuro, Toshima-Ku, Tokyo 171-0021) मा हुन गईरहेको उक्त कार्यक्रममममा भाग लिनका लागि आगामी फेब्रुअरी ९ तारिख आईतबारसम्ममा अनिवार्य आफ्नो नाम दर्ता गराउनुपर्ने छ । नाम दर्ता गर्नका लागि तल दिईएको क्युआर कोड स्क्यान गरी आफ्नो विवरण भरेर पठाउनुपर्ने छ । उक्त कार्यक्रममा ९ वर्षभन्दा माथिका बालबालिकाले पनि भाग लिन पाउनेछन् तर १६ वर्ष मुनिकाको हकमा भने अभिभावक अनिवार्य साथमा हुनुपर्ने बताईएको छ ।

विज्ञहरूका अनुसार टोकियो आसपासका क्षेत्रलाई केन्द्रबिन्दु बनाई निकट भविष्यमै ठूलो भूकम्प जाने प्रक्षेपण गरिएको छ, त्यसप्रकारका प्रकोपबाट आफू पनि बच्न र अरूलाई पनि बचाउँदै जतिसक्दो क्षती कम गर्ने बारे ब्यवहारिकरूपमै सिकाउने उद्देश्यले विदेशीहरूलाई लक्षित गरी आयोजित उक्त नि:शुल्क कार्यक्रममा सहभागी भई मौकाको फाइदा उठाउन अपिल गरिएको छ ।

कार्यक्रममा भूकम्पको धक्काको महशुस गराईनुका साथै, भूकम्पपश्चात हुने संभावित आगलागीबाट बच्न, बचाउन, आगो निभाउन वा धुँवाको मुस्लो छल्दै भाग्न सिकाइने छ । यसैगरी भूकम्पपश्चात संभावित सुनामी वा बाढिबाट ज्यान जोगाउन सुरक्षित स्थानतर्फ भाग्न पनि सिकाईने छ ।

# जापानमा माघेसंक्रान्ति विशेष साँगीतिक सप्ताह



❑ नेस संवाददाता

टोकियो – टोकियो – नेपाल मगर संघ जापानले यसपालीको माघेसंक्रान्ति पर्वलाई विशेष महत्वका साथ मनाएको छ । जसअनुसार जापानका प्रमुख ६ सहरहरूमा विशेष साँगीतिक कार्यक्रम सहित माघेसंक्रान्ति पर्वलाई महत्वकासाथ मनाएको हो । गत जनवरी १२ तारिख नागोया, १३ तारिख ओसाका, १४ तारिख फुकुओका र ओकिनावा, १८ तारिख गुन्माकेन र १९ तारिख टोकियोमा माघेसक्रान्ति विशेष साँगीतिक कार्यक्रम सम्पन्न गरी संघले नयाँ रेकर्ड कायम गरेको हो ।

कार्यक्रमहरूमा गायिकाद्वय संगीता थापा मगर र रितु थापा मगर अतिथि कलाकारकारूपमा रहेका थिए भने उनीहरूलाई स्थानीय कलाकारहरूले साथ दिएका थिए । गुन्माकेनको कार्यक्रममा भने गायिका संगीताका साथै अर्की गायिका गीता पाइजा पुन मगर र नृत्याङ्गना पबित्रा पुनको समेत प्रस्तुती रहेको थियो ।

गत आइतबार टोकियोको नाकानो जेरो हलमा भएको साँगीतिक विशेष कार्यक्रममा बोल्दै संघका अध्यक्ष रामहरि खपाङ्गी मगरले अन्य देशको तुलनामा साँस्कृतिकरूपमा धनी देश नेपालको मगर समुदायको महत्वपूर्ण पर्व माघेसंक्रान्ति पर्वले हामी सबैलाई एकताको सूत्रमा आबद्ध गराउनुका साथै हाम्रो आफ्नो मौलिक सँस्कार र सँस्कृतिबारे थप सचेत हुन प्रेरित गरेको बताए । संघका महासचिव भिक्टर ठाडा मगरले माघेसंक्रान्ति विशेष साँगीतिक कार्यक्रमबाट संकलन हुने आम्दानीबाट जापानमै अध्ययनरत मृगौला पीडित म्याग्देली चेली एलिना पुन मगरको स्वास्थ्य उपचारमा सहयोग गर्ने पवित्र उद्देश्य रहेको बताए । प्रमुख अतिथिको आसनबाट बोल्दै जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुबेदीले नेपाल मगर संघ जापानले विशेष महत्वका साथ माघे संक्रान्ति पर्व मनाईरहँदा शुभकामना ब्यक्त गर्न पाउँदा खुशी लागेको बताए । 'नेपालका विभिन्न जातजाति मध्य साँस्कृतिकरूपले धनी मानिएको मगर समुदायको विशेष पर्व माघेसंक्रान्तिको उपलक्ष्यमा विशेष शुभकामना दिन चाहान्छु' – उनले भने । सो अवसरमा एनआरएन आइसीसीका उपाध्यक्ष रोबिन शेरचन, एनआरएन जापानका अध्यक्ष नविन निउरे, नेपाल आदिबासी जनजाति महासंघका अध्यक्ष हवलचन्द्र लामा लगायतको शुभकामना मन्तब्य रहेको थियो ।

Restaurants, Food Services & Hotels
टोकियोकै एक नम्बर
Wholesale & Retail Delivery Service



इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।
सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा

DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977
www.dipway.co.jp
foodservice@dipway.co.jp

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल
YOUR CHILD DESERVES BEST EDUCATION
"HIGH GOALS FOR BETTER EDUCATION"
हाम्रा विशेषताहरु
१. छात्रवृत्तिको ब्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरु द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको नि:शुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरुका विश्वविद्यालय भर्नाका लागि नि:शुल्क परामर्श सेवा
६. असल संस्कारयुत उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको ब्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग



Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल
Cambridge Assessment International Education
Cambridge International School
Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com

जापानी भिसा आवेदनका लागि हामीलाई सम्झनुहोला
हाम्रा सुविधाहरु
◈ एइजुकेन (पर्मानेन्ट रेसिडेन्ट)
◈ वर्किङ भिसा
◈ जापानी पासपोर्ट (किस्खा)
◈ परिवारका सदस्य बोलाउन
◈ अन्तर्राष्ट्रिय विवाह भिसा
Scan for website



Aikyo Immigration Lawyer Office | あいきょう行政書士事務所
〒273-0002千葉県船橋市東船橋４丁目３０番地８号サンビレッジ２０７号室
#207 4-30-8 Higashi-Funabashi, Funabashi, Chiba 273-0002
Tel: 047-409-8028, Mobile: 070-3977-8316, Fax: 047-409-2078

DOCUMENT TRANSLATE गर्नुपर्ने छ ?
CALL NOW!
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

# विद्यार्थीको डरलाग्दो विदेश पलायन

❑ नेस संवाददाता

काठमाडौं – पढ्नका लागि विदेशिने विद्यार्थीको संख्या बढ्दा उच्च शिक्षाका निम्ति बर्सेनि नेपालबाट बाहिरिने रकम पनि बढ्दै जान थालेको छ । स्वदेशमा सम्भावना नदेखेपछि सुनौलो भविष्यको खोजिमा विदेशिने नेपालीहरूको संख्या बढेको हो । उच्च शिक्षाका लागि यसरी व्यापक मात्रामा नेपाली विद्यार्थी विदेश जाँदा देशको विदेशी मुद्रा सञ्चितिमा दबाव पर्ने तथा दक्ष जनशक्ति पलायनको अवस्था आउनसक्ने चिन्ता बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पहिलो पाँच महिना (साउनदेखि मंसिरसम्म) मा नेपालबाट विदेश अध्ययन गर्न जाने विद्यार्थीले ४७ अर्ब ४० करोड ७५ लाख रूपैयाँ बराबरको सटही सुविधा पाएका छन् । गत वर्षको सोही अवधिमा ४७ अर्ब ३४ करोड ४८ लाख रूपैयाँ बराबरको सटही सुविधा विद्यार्थीहरूले पाएका थिए ।

नेपालबाट विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले त्यहाँ शुल्क तिर्नका लागि विदेशी मुद्रा सटहीको सुविधा पाउने गर्छन् । पछिल्ला वर्षहरूमा नेपालबाट विदेश जाने विद्यार्थीको संख्या र त्यसमार्फत् विदेशी मुद्रा बाहिरिने क्रम निरन्तर बढिरहेको अधिकारीहरू बताउँछन् । आर्थिक वर्ष २०७९/८० को पहिलो पाँच महिनामा भने नेपालबाट विदेश जाने विद्यार्थीहरूले २८ अर्ब ८० करोड ८६ लाख रूपैयाँ बराबरको रकम विदेश लगेका थिए । गत आर्थिक वर्षमा नेपालबाट विदेश अध्ययन गर्न जानेहरूसँगै १ खर्ब २५ अर्ब १३ करोड रूपैयाँ बाहिरिएको राष्ट्र बैंकको विवरण छ । त्यो अघिल्लो वर्षको भन्दा करिब एक चौथाइको वृद्धि हो । पछिल्ला दुई वर्षमा त्यस्तो कारोबार एक खर्ब रूपैयाँभन्दा माथि पुगेको छ ।

वैदेशिक अध्ययनमा जाने विद्यार्थीहरूले नेपालको शिक्षा मन्त्रालयबाट 'नो अब्जेक्शन लेटर' (एनओसी) लिनुपर्ने व्यवस्था छ । दैनिक औसतमा दुई देखि तीन सय नेपालीहरूले विदेश जानका लागि त्यस्तो एनओसी लिने गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ । नेपाली विद्यार्थीको रोजाइमा अस्ट्रेलिया, जापान, यूके, क्यानडा, अमेरिका, दक्षिण कोरिया, भारतलगायत छन् । गत साउनदेखि माघ ४ गतेसम्मको विवरण हेर्दा यस अवधिमा कुल ५० हजार १ सय ९० जनाले एनओसी लिएको मन्त्रालयको एनओसी शाखाका रूजु गर्ने अधिकारी खडोस सुनुवारले बताए । गत वर्ष साउनदेखि माघ ४ गतेसम्मको विवरण हेर्दा त्यस बेला ४३ हजार ८ सय ५५ जना र त्यसभन्दा अघिल्लो वर्षको सोही अवधिमा ४२ हजार ६ सय ५० जनाले एनओसी लिएका थिए ।

यो विवरणले पनि हरेक वर्ष विदेश जान चाहने विद्यार्थीको संख्या बढिरहेको देखाउँछ । नेपाली शैक्षिक संस्थाको सेवामाथि गुणस्तरको प्रश्न, पढाइ सकिएपछि अवसरको अभाव, बेरोजगारी, महँगीलगायत विभिन्न बाध्यताका कारण वैदेशिक अध्ययन गर्न जानेको संख्या बढेको शिक्षाविद् सुसन आचार्य बताउँछिन् । 'यहाँको राजनीतिक अस्थिरतालगायतका कारणले गर्दा ११ कक्षा पढ्दादेखि नै विदेशिनका लागि तयारी गर्ने र १२ कक्षा सकेपछि विदेश जाने प्रवृत्ति नै बन्यो,' उनले भन्छिन्, 'हाम्रोमा अहिले पनि एउटा विषय पढेको मान्छे अर्को संकाय वा विषयमा जान्छु भन्दा पाउँदैन तर विदेशमा त्यस्तो गर्न पनि पाइन्छ ।

# विश्वका उत्कृष्ट ठाउँको नवौं स्थानमा लुम्बिनी



❑ नेस संवाददाता

काठमाडौं – चर्चित पत्रिका 'द न्युयोर्क टाइम्स'ले बुद्ध जन्मस्थल लुम्बिनीलाई सन् २०२५ मा घुम्न जानुपर्ने विश्वका उत्कृष्ट ठाउँ मध्येको नवौं नम्बरमा राखेको छ । पत्रिकाले उल्लेख गरेको '२०२५ मा पुग्नैपर्ने विश्वका ५२ उत्कृष्ट ठाउँ' शीर्षकको सूचीमा 'टप टेन' भित्रै लुम्बिनी परेको हो । पत्रिकाले लुम्बिनीबारे संक्षिप्त व्याख्या गर्दै हजारौं वर्षअघि मायादेवी नामकी रानीले लुम्बिनीको बगैंचामा सिद्धार्थ गौतमलाई जन्म दिएको उल्लेख गरेको छ । लुम्बिनी नेपालको प्राचीन पुरातात्विक स्थल भएको र त्यहाँ ऐतिहासिक भग्नावशेष तथा जीवन्तकला रहेको पनि लेखेको छ ।

बौद्ध आस्थाको मुख्य केन्द्र र तीर्थस्थल भएको पत्रिकाको अनलाइन संस्करणमा उल्लेख छ । भूकम्पले देशलाई हल्लाएको १० वर्षपछि लुम्बिनीमा चित्ताकर्षक नयाँ नयाँ मन्दिर र ध्यान केन्द्र खुलिरहेको र नोभेम्बरमा उदघाटन गरिएको 'थाउजेन्ड टेम्पल' को बढी व्याख्या गरिएको छ । महायानी सम्प्रदायको यो निकै चित्ताकर्षक र मनमोहक विहार हो ।

विहारभित्र त्रिकाल बुद्धका १६ फिट अग्ला ३ मूल प्रतिमा छन् । मूल प्रतिमसँगै १८ इञ्च अग्ला हजार बुद्ध प्रतिमा तथा सात तथागतका मूर्ति छन् । आलेखमा 'थाउजेन्ड टेम्पल' को माथिल्लो भित्ताका पेन्टिङ कलाको आकर्षक तस्बिर राखिएको छ ।

'न्युयोर्क टाइम्स' ले लुम्बिनीलाई घुम्नुपर्ने गन्तव्यमा राख्दा अन्तर्राष्ट्रिय रूपमै ठूलो प्रचार हुन पुगेको लुम्बिनी पर्यटन परिषद्का सदस्य लीलामणि शर्माले बताए । 'यो प्रचारले सबैको जिम्मेवारी थपियो, अब घुम्न आउने पाहुनालाई गुणस्तरीय सेवा दिनुपर्ने र थप सुसूचित गर्नुपर्ने चुनौती बढ्यो, यसतर्फ सबै पक्षले समन्वय गरेर हातेमालो गर्नु जरूरी छ,' उनले भने ।

# यस्तो गाउँ, जहाँ मासु र मदिरा चल्दैन

❑ नेस संवाददाता

काठमाडौं – इलाममा यस्तो गाउँ छ जहाँ मासु र मदिरा सेवन प्रतिबन्ध छ । लिम्बु समुदायको बाहुल्यता रहेको माङ्सेबुङमा शाकाहारी भोजन मात्रै चल्छ । चुरोट, बिडी, खैनी र मदिराको सेवन निषेध छ । यो स्थानीय सरकारले बनाएको कानून भने होइन, स्थानीय आफैले यसको पालना गरिरहेका छन् । 'कसैले बाहिर गएर खायो भने उनीहरू नै जानून् तर गाउँमा भने चल्दैन,' स्थानीय अग्रज केहेरसिंह योङहाङले भने । उनका अनुसार यहाँका होटल तथा रेस्टुरेन्टमा पनि मासु पाक्दैन र मदिरा बिक्रीका लागि राखिँदैन । माङ्सेबुङ गाउँपालिका-३ र ५ नम्बर वडामा पर्ने सो गाउँका मानिसले बाहिर जाँदासमेत निषेधित वस्तु सेवन नगर्ने स्थानीयको दाबी छ । करिब एक हजार ५ सय परिवार बसोबास गर्ने सो क्षेत्रमा उनीहरूले कहिल्यै पनि मदिरा र मासु सेवन गर्दैनन् । यहाँका मानिसले किरात धर्म मान्छन् । सो धर्म मानेपछि हत्या, हिंसा र फटाई गर्न नहुने मान्यताले मासु र मदिरा निषेध गरिएको स्थानीयको भनाइ छ । गाउँको प्रवेशद्वारमै बोर्डमै यसबारे जानकारी गराइएको छ । सो गाउँलाई २०७२ सालमा शाकाहारी गाउँ घोषणा गरिएको योङहाङले बताए । किरात लिम्बू भाषा अनुसार माङ भनेको देवता र सेबुङ भनेको छानेको ठाउँ अर्थात देवता (ईश्वर) ले छानेको ठाउँ भन्ने विश्वास गरिन्छ ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरुकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।
Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिवर्तन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017
जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO. 03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO

# मौलिक पोशाक भाडामा लगाएर आम्दानी



❑ नेस संवाददाता

काठमाडौं – म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरका स्थानीयले गाउँमा घुम्न आउने पर्यटकलाई विभिन्न जातीय समुदायको पोशाक भाडामा लगाएर आम्दानी गर्न थालेका छन् । अहिले तोरी फुलेर मनमोहक बनेको रत्नेचौरमा रमाउन आउने पर्यटकले मगर, क्षेत्री, थकाली, ब्रह्माणलगायत जातजातिको पोशाक लगाएर तस्वीर, भिडियो खिच्ने गरेका छन् । पर्यटकलाई जातजातिको मौलिक पोशाक भाडामा लगाएर स्थानीयले आम्दानी गर्न थालेका हुन् । स्थानीय रामकृष्ण पुनले एक जोडा पोशाक एक घण्टा प्रयोग गरेबापत २ सयदेखि ३ सय ५० रूपैयाँसम्म लिने गरेको बताए । 'मसँग १५ जोर मगर ड्रेस छन्,' उनले भने, 'दिनमा १० देखि १५ जनाले भाडामा लैजानु हुन्छ ।' रेस्टुरेन्ट सञ्चालकसमेत रहेका थापाले पर्यटकको तस्वीर पनि खिचिदिने गरेका छन् ।

महिला सहकारी संस्था र अन्य रेस्टुरेन्ट तथा पसलहरूले पनि जातीय पोशाक भाडामा लगाउने गरेका छन् । आकर्षक देखिने भएकाले जातीय पोशाक पर्यटकको रोजाइमा पर्ने गरेको छ । बागलुङबाट रत्नेचौर आएकी स्मृति रानाले मौलिक पोशाकमा सजिएर खिचेको तस्वीर र बनाएको भिडियो स्मरणयोग्य भएको बताइन् । केही वर्षअघिसम्म रातो माटो र कृषि उत्पादनमा आश्रित रत्नेचौर पर्यटकीय गाउँका रूपमा चिनिन थालेको छ । कात्तिकदेखि माघसम्म यहाँ आन्तरिक तथा बाह्य पर्यटकको लर्को लाग्ने गर्छ । कात्तिक-मंसिरमा रत्नेचौरको फाँटमा झुलेका धानसँगै पृष्ठभूमिमा धवलागिरि हिमाल, म्याग्दी, बागलुङ र पर्वतका ग्रामीण भेगको दृश्यावलोकन तथा पुस-माघमा पहेंलै फुलेको तोरीको आकर्षक दृश्य हेर्दै रमाउन र वनभोज खान पर्यटक आउने गरेका छन् । अहिले दैनिक ३ सयदेखि ५ सय पर्यटक आइरहेको स्थानीयको भनाई छ ।

# सरकारविरूद्ध आक्रामक बन्दै विपक्षी

❑ नेस संवाददाता

काठमाडौं – नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकारले ६ महिना पार गरेसँगै सरकारविरूद्ध विपक्षी दलहरू एकजुट भएका छन् । विपक्षीले सत्ता पक्षमै रहेका साना दलहरूको समेत साथ लिएर सरकारप्रति आक्रामक ढंगले प्रस्तुत हुने संकेत देखाएका हुन् ।

सरकारको कार्यशैलीविरूद्ध विपक्षी दल, समाजवादी मोर्चाको अतिरिक्त मधेश केन्द्रीत दलहरूले पनि गतिविधि बढाइरहेका छन् । केही दिनअघि बसेको विपक्षी ६ दलको बैठकले सरकारका गलत कामकाविरूद्ध सशक्त ढंगले प्रस्तुत हुने औपचारिक निर्णय नै गरेका छन् । अध्यादेश, सुशासन, मूल्यवृद्धि, अर्थतन्त्र, परराष्ट्र सम्बन्ध लगायतमा विषयलाई विपक्षी दलहरूले सरकारविरूद्धको हतियारका रूपमा अघि सारेका हुन् । सरकारले संविधान र संसद्लाई उपेक्षा गर्नुका साथै सत्ताको दुरूपयोग गरिरहेको विपक्षीको आरोप छ ।

विपक्षी दलहरूले माघ १८ गते आह्वान भएको संघीय संसद्को हिउँदे अधिवेशनमा समान धारणा बनाएर सरकारीविरूद्ध संसदीय मोर्चा बलियो बनाउने रणनीति लिएका छन् । विपक्षी दलहरूले संसद्लाई छलेर अध्यादेशमार्फत निरंकुश शासन लाद्न खोजेको आरोप लगाइरहेको बेला माघ ७ गते बसेको मन्त्रिपरिषद् बैठकको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले माघ १८ गते हिउँदे अधिवेशन आह्वान गरेका छन् ।

प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका उपाध्यक्षसमेत रहेका पूर्वसभामुख अग्निप्रसाद सापकोटाले सरकारविरूद्ध सदनमा सशक्त प्रतिरोध गर्ने चेतावनी दिए । सरकारविरूद्ध विपक्षी एकजुट रहेको र संसद् अधिवेशनको पहिलो बैठकमै आफ्नो शक्ति प्रदर्शन गर्ने जानकारी दिंदै सापकोटाले भने, 'विपक्षीहरू एकजुट भएका छौं । विपक्षीसँग सदनमा ८० जना सांसद छन् । सदनसँगै हामी सडकमा पनि हुनेछौं ।'

नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरीले विपक्षी दलहरूले संयुक्त रूपमा जनताको मुद्दा उठाउने बताए । 'अहिलेसम्म सरकारले गरेको काम निराशाजनक छ । महँगी, भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । जनपक्षीय काम गर्न सरकार चुकेको छ,' उनले भने, 'संसद् छलेर जसरी अध्यादेशबाट शासन गर्न खोजिएको छ, त्यसको प्रतिवाद हुन्छ ।'

# एनआरएन नागरिकता लिनेको संख्या ४ हजार ३ सय

❑ नेस संवाददाता

काठमाडौं – काठमाडौं – सरकारको नयाँ प्रावधानअनुसार चार हजारभन्दा धेरै गैरआवासीय नेपालीले पुनः नेपाली नागरिकता लिएका छन् । गैरआवासीय नेपालीलाई सरकारले गत वर्षदेखि छुट्टै नागरिकता दिन थालेको हो । गृह मन्त्रालयको गत १७ पुससम्मको तथ्याङ्कअनुसार चार हजार ३ सय ५६ जनाले गैरआवासीय नेपाली नागरिकता लिइसकेका छन् । काठमाडौंमा मात्र एक हजार पाँच सयले यस्तो नागरिकता लिएको गृह मन्त्रालयका सूचना अधिकारी दिलकुमार तामाङले बताए । काठमाडौंपछि ललितपुरमा ३ सय ९३, चितवनमा २ सय ५८, कास्कीमा २ सय ३९, भक्तपुरमा १ सय ६८, मोरङमा १ सय ५०, रूपन्देहीमा १ सय ४८ र झापामा १ सय ३८ जनाले नागरिकता लिएका छन् ।

काभ्रेमा ८८, सुनसरीमा ७६, गोरखामा ६५, मकवानपुरमा ६४, गुल्मीमा ६२, नुवाकोटमा ५७, स्याङ्जामा ५६ र सोलुखुम्बुमा ५५ जनाले एनआरएन नागरिकता लिएका छन् । गृहका अनुसार ७० जिल्लाबाट यस्तो नागरिकता प्रदान भइसकेको छ ।

२० असोज ०८० मा सरकारले नागरिकता ऐन र नियमावली संशोधन गरी एनआरएनलाई नागरिकता दिन थालेको हो । ०७२ मा जारी संविधानमै यससम्बन्धी प्रावधान भए पनि आठ वर्षपछि कार्यान्वयनमा गएको हो । तर, यस्तो नागरिकताको उपयोगसम्बन्धी कानून भने संशोधन नभएको भन्दै गैरआवासीय नेपालीले असन्तुष्टि जनाउँदै आएका छन् । दुई साताअघि मात्र गैरआवासीय नेपाली संघका प्रतिनिधिले गृहमन्त्री रमेश लेखकलाई भेटेर कानून संशोधनका लागि आग्रह गरेका थिए । गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले उनीहरूलाई १० वर्षसम्म निःशुल्क भिसा दिनेलगायत लगानीलाई सहज बनाउने गरी कानून संशोधन गर्ने निर्णय गरेको छ ।


## सरसफाई गर्ने पार्टटाइमर चाहियो

**लामो अवधि**

- समय: ०७:००-१६:०० बजेसम्म (२ घण्टा ब्रेक)
- पारिश्रमिक: ८ हजार येन (प्रतिदिन)
- यातायात: दैनिक ५ सय येनसम्म
- आवासको सुबिधा, सवारी चालक र ग्रुपलिडरका लागि अतिरिक्त भत्ता

**छोटो अवधि**

- आवश्यकता: २०२४ अगष्ट १६ देखि १९ सम्म
- समय: २ दिनदेखि ४ दिनसम्म (सिफ्टअनुसार)
- पारिश्रमिक: न्युनतम ३ मान ६ हजार येनदेखि अधिकतम ७ मान २ हजार येनसम्म (आपसी सहमतिमा)
- अन्य सुबिधा: आवास, खाना र प्रतिघण्टा ब्रेक
- गर्नुपर्ने काम: म्युजिक फेस्टिबलमा सरसफाई तथा अनुगमन (कामको अनुभव नभए पनि हुने)

**Langate Co., Ltd.**
3-18-11 Nitta, Adachi-ku,
Tokyo 123-0865
050-5236-6570 (Subedi Sushil )
recruitment@langate.biz
(नेपाली भाषा उपलब्ध)



## तोकुतेइ गिनोउ भिसामा
## जापानमा रोजगारीको अवसर

जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार – SSW) भिसामा नि:शुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।

**आधारभूत जानकारी**

- जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
- निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीण गरेको
- माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
- यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
- नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
- एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ

**GMT INTERNATIONAL CO., LTD.**
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
(License No: 19-001335)
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073



## BIPASNA NEPALI PASAL
Wholesale and Retail Fancy Shop

विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईंको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।

Scan for location
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
FOLLOW US!



## 'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'

जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने, कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।

**सम्पर्क**

おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
We Accept Payment Through
PayPay

**भिसा सम्बन्धि सम्पूर्ण कामका लागि**

**OGAWA JIMUSYO**

Visit Our Website

# बिक्न छाडे काठका ठेकी र मदानी



❑ नेस संवाददाता

काठमाडौं - म्याग्दी सदरमुकाम बेनीमा ठेकी र मदानी बिक्री गर्न आएका टीका चुदारा निराश छन् । बेनीमा जारी आठौं म्याग्दी महोत्सवमा मेला भर्न आउने दर्शकलाई लक्षित गरेर माघ शुरूदेखि नै बागलुङबाट ठेकी र मदानी लिएर म्याग्दी आएका उनले सोचेअनुरूप सामान बिक्री गर्न सकेका छैनन् ।

गाउँबाट मेलामा आउने सर्वसाधारणमध्ये थोरैले मात्र ठेकी र मदानी खरिद गरेको चुदाराले बताए । 'केही वर्ष अघिसम्म ठेकी र मदानीको माग पुऱ्याउनै कठिन हुने गर्थ्यो । मेलामा ल्याएका सामान केही दिनमै सकिन्थ्यो, अहिले बेनीमा आएको एक साता भइसक्यो, ठेकी र मदानीको बिक्री भएको छैन,' उनले भने ।

गाउँमा गाईभैंसी पाल्नेहरू घट्दै गएको, सिल्टे र प्लास्टिकका ठेकी तथा विद्युतीय मदानीको प्रयोग गर्ने प्रचलनले ठेकी र मदानी बनाउने सीप र पेशा संकटमा पर्न थालेको छ । काठको ठेकीमा गाईभैंसीको दूध, दही र मोही संकलन गरिन्छ भने ठेकीलाई दूध दुहुन प्रयोग गरिन्छ । काठका ठेकीको विकल्पमा धातुबाट बनेका ठेकी बजारमा आउन थालेपछि परम्परागत सीप र काठको उपयोग गरी ठेकी बनाउने पेशा अँगालेका समुदायलाई समस्या भएको छ । गिठादार काठबाट परम्परागत सीप र औजारको प्रयोग गरेर बनाउने ठेकीलाई ३ हजारदेखि १५ हजार रूपैयाँसम्म मूल्य पर्ने गर्छ । बागलुङ नगरपालिका-१२ अमलाचौर बलेवामा घरेलु उद्योगबाट चुदाराले ठेकी, मदानी, पुङ, पुचाईसँगै सजावटका लागि साना ठेकीका सामान बनाउँदै आएका छन् । अहिले ६० वर्ष पुगेका चुदाराले आफूले २० वर्षको उमेरदेखि नै व्यावसायिक रूपमा ठेकी बनाउन थालेको बताए । 'बाउबाजेले गरेको पेशालाई मैले पनि निरन्तरता दिएको हुँ, यो पेशालाई सरकारी तवरबाट कुनै सहयोग भएको छैन, गाउँमा अधिकांशले यो पेशा छाडिसकेका छन्,' उनले भने, 'मेरा छोराहरूले पनि अन्य पेशा र रोजगारी गर्न थालेका छन्, हामी पछि गाउँमा यसरी ठेकी बनाउने मानिस भेटिँदैन ।'

# 'निफ' मा ६० देशका ८७ वटा फिल्म

❑ नेस संवाददाता

काठमाडौं - काठमाडौं - नेपाल अन्तरार्ष्ट्रिय चलचित्र महोत्सव (निफ) को आठौं संस्करणमा यसपटक ४० देशका ६ सय ८७ फिल्म छनोटमा परेका छन् । फेस्टिभलमा फिल्म 'बुलबुल'का निर्देशक विनोद पौडेल निर्देशित नयाँ फिल्म 'भूठान' पनि प्रदर्शन हुनेछ । नेपाल चलचित्र तथा साँस्कृतिक प्रतिष्ठानको आयोजनामा हुने फेस्टिभलमा ७० देशबाट प्राप्त ६ सय भन्दा धेरै फिल्मबाट ८७ फिल्म छानिएका हुन् ।

आगामी मार्च २० देखि २४ सम्म हुने फेस्टिभलमा यसपटक एआईको सहायताले बनेका फिल्महरू पनि प्रतिस्पर्धामा राखिएका छन् । फिल्महरू क्यूएफएक्स सिनेमाका सिभिल मल र छायाँ सेन्टरका हलमा प्रदर्शन हुनेछन् । फेस्टिभलमा फिल्मसम्बन्धी सेसन पनि सञ्चालन हुनेछन् । आयोजकका अनुसार फेस्टिभलमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट फिचर फिल्मलाई १५ सय अमेरिकी डलर राशिसहित गौतमबुद्ध अवार्ड प्रदान गरिनेछ ।

# पुर्ख्यौली पेशा जलहारीप्रति युवाको आकर्षण घट्दो



❑ नेस संवाददाता

काठमाडौं - फेवातालको किनारमा रहेका जलहारी समुदायका लागि माछा मार्ने पेशा पुर्ख्यौली परम्परा मात्र होइन, जीविकोपार्जनको आधार पनि हो । तर, अहिलेका जलारी युवाहरूको रूचि भने पुर्ख्यौली पेशाभन्दा वैकल्पिक पेशा एवं रोजगारीतर्फ हुन थालेको छ । जलारी पोखराको फेवाताल आसपास बसोबास गर्दै आएको परम्परागत माछा मार्ने समुदाय हो । उनीहरूले आफ्नो मुख्य पुर्ख्यौली पेशा माछा मारेर र बेचेर जीविकोपार्जन गर्दै आइरहे पनि माछा उत्पादनमा आएको कमी, बजार व्यवस्थापनमा चुनौती र आधुनिक जीवनशैलीप्रतिको आकर्षणले यो समुदायको युवाले पुर्ख्यौली पेशाप्रति कम रूचि देखाउन थालेका हुन् ।

जलारी मत्स्य सहकारी संघका अध्यक्ष ज्ञानबहादुर जलारीले परिवर्तित समयसँगै जलारी युवा पनि अन्य क्षेत्रतर्फ आकर्षित हुँदै गएको बताए । 'अहिलेका युवाहरू पढेलेखेको र यो बाहेकका पेशामा पनि आफ्नो भविष्य देख्न थालेपछि उनीहरूको पुर्ख्यौली पेशामा सीमित हुन चाहेका छैनन्, अर्कोतर्फ तालमा माछा उत्पादन घट्दै जान थालेपछि जीविकोपार्जनमा पनि समस्या हुन थाल्यो,' उनले भने ।

आफ्नो परम्परा र पुर्ख्यौली पेशामा नै आफ्नो समुदायका लागे हुन्थ्यो भन्ने लागे पनि पुस्ता हस्तान्तरण गरेर यसमा टिकाउन त्यति सहज नभएको उनको भनाइ छ । 'आजका युवाहरूमा पुर्ख्यौली पेशाप्रति एक प्रकारको उदासीनता छ,' उनले भने, 'तालको वातावरणीय संकट र पेशाबाट आउने आर्थिक समस्याका कारण उनीहरूले पुर्ख्यौली पेशामा रूचि देखाउन छाडेका छन् ।'

फेवाताल किनारमै जन्मे हुर्केर बाबुबाजेसँगै माछा मार्ने पेशालाई नजिकबाट नियालिरहेका २० वर्षीय राजीव जलहारी अहिले वैदेशिक रोजगारीको तयारीमा छन् । 'मेरै बुबा-हजुरबुबाको पुर्ख्यौली पेशा भए पनि म यसमा राम्रो भविष्य देख्दिन, यो हाम्रो पुर्ख्यौली पेशा हो, माछा मारेर हाम्रो परिवारले पुस्तौंदेखि जीविकोपार्जन गऱ्यो तर अहिले म यसमा भविष्य नदेखेर विदेश जाने तयारीमा छु,' राजीवले भने, 'माछा घट्दै गएको छ, ताल प्रदूषित छ, अनि तालमै निर्भर हाम्रो समुदाय आर्थिक रूपमा सक्षम हुन सकेको छैन ।'













# थ्रेसहोल्ड..

पृष्ठ १ को बाँकी

भएन । सरकार जुन तरिकाबाट संसद् छलेर हिँडिरहेको छ, यो सर्वत्र गलत छ । संसदीय बाटो जसरी छलिएको छ, यो राम्रो भएन । सरकारले तुरून्त यसलाई सच्याएर संघ र प्रदेशका पनि हिउँदे सभाहरू बेलाउनुपर्छ । र, संसदको लयमा सरकार आउनुपर्छ भन्ने हाम्रो कुरा हो ।

**अध्यादेश ल्याउनुअघि नै तपाईहरुले संसद् सञ्चालनका लागि दबाब दिन नसक्नु भएको हो ? प्रतिपक्ष पनि मोर्चाबन्दीमै रुमल्लियो भन्ने आरोप छ नि !**

यो विषय सुनेपछि प्रमुख प्रतिपक्षी दलका नेताहरूले सरकारलाई र प्रधानमन्त्रीलाई अध्यादेशको बाटो नहिँड्नुहोस् भनेर भन्नुभयो रे ! भेट्दा र सार्वजनिक रूपमा पनि भनिरहनु भएकै छ । केपी ओली त यो विधि मान्ने संसदीय अभ्यासमा जाने कुरामा हुँदै हुनुहुन्न । किनकि उहाँले पहिला पनि संसद् विघटन गरेको हो । संसद् नचल्दा कतिपय अध्यादेश फेल भएकै हो । धेरै पटक प्रतिपक्षीले सम्झाए पनि उहाँले नौलो कुरा मान्नु भएन । ओलीको विषयमा सबै जानकार हुनुहुन्छ । तर आफूलाई लोकतन्त्रको हिमायती मान्ने, लोकतन्त्रको मसिहा ठान्ने, पुरानो पार्टी भन्ने नेपाली काँग्रेस पनि संसद्लाई छलेर अध्यादेशको दिशामा हिँड्न खोजेको छ । सबैभन्दा नौलो र अनौठो कुरा त यो छ । कांग्रेसले आफूलाई लोकतान्त्रिक पक्षधर, पुरानो, जेठो र परिपक्व पार्टी भनेर दाबी गर्ने गरेको थियो । यसरी हेर्दा केपी ओलीको अध्यादेश र निरंकुश शैलीको पिछलग्गुभन्दा अरू त केही देखिएन कांग्रेसमा पनि । न उहाँहरूको आफ्नो दृष्टिकोण छ न उहाँहरूले यो कुरा हुँदैन भनेर प्रतिवाद गर्न सक्नुभएको छ । केपी कमरेडले आफूलाई लोकतन्त्रको मसिहा ठानेको कांग्रेस जस्तो पुरानो पार्टीलाई समेत पिछालग्गु बनाएर हिँड्नुभएको छ । लोकतन्त्रका लागि यो गजब अनौठो कुरा हो ।



**कांग्रेसले यतिबेला के गर्नुपर्थ्यो त ?**

कांग्रेसले पुस पहिलो हप्ताभित्रै संसद् अधिवेशन आहवानका लागि भूमिका खेल्नुपर्ने थियो । सरकारका तर्फबाट प्री-बजेट टेबल गरिनुपर्ने थियो । संसदीय समितिमा हामी आधा दर्जन विधेयकहरू हाउसमा लाने चरणमा पुगिसकेका छौं । संसदीय समितिमा पनि संख्याका हिसाबले सरकारमा बसेका एमाले-कांग्रेसकै बहुमत छ । उहाँहरूले जाँगर लगाएर आफ्ना सांसदलाई सक्रिय बनाउनुपर्ने थियो । अहिलेसम्म समितिमा हेर्दा कांग्रेस र एमालेका माननीययज्यूहरू नै नआएर गणपूरक संख्या पुग्दैन र काम अड्किरहेको छ । यसरी हेर्दा न विषयगत समितिमा कानून बनाउन कांग्रेस-एमालेलाई मतलब छ न यता संसद् बोलाएर प्री-बजेटमा छलफल गर्ने । जनताका कैयौं मुद्दा र विषयमा बहस पैरवी गर्नुपर्ने तर हुन सकेको छैन । कांग्रेसले पनि विधिको शासनमा जान जुन ढंगले योगदान गर्नुपर्ने थियो, सरकारको हिस्सेदार र ठूलो पार्टी भएर, त्यसो गर्न सकेन । कांग्रेसले डोऱ्याए एमाले र प्रधानमन्त्रीले नटेरी सुख छैन । अहिले कांग्रेस नबोलेर, चुप बसेर ओलीको पिछलग्गु भएको छ । काँग्रेसलाई के चिजले दबाब दिएको छ, त्यो हामीले बुझिरहन सकेका छैनौं । हामी फेरि पनि भन्छौं । सरकारले जुन ढंगले लय बिगारेको छ । निरंकुशताको बाटो हिँडिरहेको छ अध्यादेशमार्फत । अध्यादेशबाट देश सञ्चालन गर्ने तरिका ठिक होइन । संसद् तत्काल बोलाइयोस् र प्रभावकारी बनाइयोस् ।

**यहाँका अध्यक्ष प्रचण्डले नै यो सरकार धेरै दिन टिक्दैन भन्दै हिडिँरहनु भएको छ, कतै माओवादी विपक्षी मोर्चालाई साथमा लिएर गठबन्धन भत्काउन लागेको त छैन ?**

यो गठबन्धनमा त गडबड नै गडबड छ । हामीले सुरूका दिनदेखि नै भनेका छौं, रहरले, इच्छाले भन्दा बाध्यताले बनेको गठबन्धन हो । बाध्यता भनेको उहाँहरू दुई पार्टी नमिलेसम्म नेता-कार्यकर्ताहरू जेल जाने भए । नेता-कार्यकर्ता जाने कुरामा मुख्य नेतृत्वतिरै प्रश्न सोझिएको थियो । त्यसपछि सरकार बन्ने कुरा भएको हो । यसमा उहाँहरूको रहर होइन, बाध्यता थियो । एक आपसमा प्रतिस्पर्धी पार्टी हो भन्दा भन्दै पनि किन यस्तो गठबन्धन भयो त ? यो गठबन्धन नबनाएको भए माओवादीले भष्ट्राचारी सबैलाई जेल हाल्ने अवस्था थियो । त्यहीकारण कांग्रेस-एमाले बाँकी नरहने भए । त्यो बाध्यताले उहाँहरूलाई मिल्ने अवस्था बनाएको हो । त्यही कारण उहाँहरूले यहाँ कुनै विचार, विधि, मूल्य र मान्यतामा गठबन्धन चलाउने कुरा पनि भएन । त्यसैले यो स्वार्थहरूको मिलन हो । मलाई के लाग्छ भने उहाँहरूको बाध्यताले बनेको छ । अर्को नयाँ परिस्थिति हुँदा यो भत्किन्छ । यही तरिका हो भने हामीले भत्काउनै पर्दैन । तर सरकार टिकोस् । दिगो रहोस् । र, बाँकी तीन वर्षको कार्यकाल पनि पूरा गरोस् । हाम्रो त कामना छ ।

**तर सत्ता पक्षीय नेताहरुले गठबन्धन ०८४ सम्मै जान्छ, राजनीतिक स्थिरताका लागि नै यो कदम चालिएको दावी गरेका छन् नि, होइन ?**

यो उनीहरूले सार्वजनिक खपतका लागि बोलेका हुन् । त्यसो होइन भने किन आलोपालो सरकारको कुरा गरेको त ? एउटै दलको नेतृत्वमा आगामी आम निर्वाचनसम्म जाने आँट किन नगरेको प्रश्न उनीहरूप्रति नै तेर्सिएको छ । जहाँसम्म स्थिरताको कोणबाट हेर्दा सम्भव देखिँदैन । संविधान संशोधन संख्यात्मक हिसावले मात्र पनि हुनुहुँदैन । यो वैचारिक, राजनीतिक र शास्त्रीय प्रकारकै विषय हो । संख्याको हिसावले हेर्दा प्रतिनिधिसभामा उहाँहरूले दुई तिहाइ पुऱ्याउनु होला । तर, राष्ट्रियसभामा सबैभन्दा ठूलो दल त माओवादी केन्द्र नै रहेको छ नि । यो कुराको हेक्का उनीहरूले राख्नैपर्दछ ।

**तीन प्रतिशतको थ्रेसहोल्ड बढाएर १० प्रतिशत पुऱ्याउने र समानुपातिक निर्वाचन प्रणालीमा संशोधन गरेर राष्ट्रियसभामा प्रतिनिधित्व गराउने योजना सरकारको रहेको कुरा बाहिर आएका छन्, यो विषयलाई कसरी लिनुभएको छ ?**

हाम्रो संविधानले नै बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्ने भनेको छ । हामीले भन्दै आएको मल्टिपार्टी सिस्टम पनि यही नै हो । तर, सत्ता गठबन्धनले दुई दलीय व्यवस्थाको परिकल्पना गर्न खोजेको भान हुँदैछ । उनीहरूमा यस्तै रवैया रहिरह्यो भने आगामी निर्वाचनमा नेपाली जनताले उनीहरूको हैसियत देखाईदिने छन् । संविधान संशोधन गरेर थ्रेसहोल्डको प्रतिशत बढाए भने मतदाता जनताले यी ठूला दललाई राष्ट्रिय पार्टी नबनाइदिन पनि सक्छन् । थ्रेसहोल्ड बढाउने भन्ने सम्बन्धमा कताकता निरंकुशताको गन्ध आउँछ नै । तर विगत ०६५ सालको पहिलो संविधानसभाको निर्वाचनमा यी दुई दल नेपाली काँग्रेस र नेकपा एमाले क्रमश ३७ सिट र ३२ सिटमा खुम्चिएको विगत पनि बिर्सनु हुँदैन । यतिखेर उनीहरू ठूलो पार्टी होलान् । तर, नेपाली जनताले आजीवन ठूला पार्टीका लागि जनमत दिएको त होइन होला नि ।

**अन्त्यमा, हालै सम्पन्न माओवादी केन्द्रको केन्द्रीय समिति बैठकले के नयाँ निर्णय गऱ्यो ?**

राजनीति प्रतिवेदन सर्वसम्मत रूपमा पारित भयो । समसामयिक परिस्थितिको संक्षिप्त समीक्षा भयो । आगामी दिनमा पार्टीको कार्यभारका विषयमा पनि छलफल भयो । अन्तर्राष्ट्रिय सन्दर्भमा विश्व शक्तिकेन्द्रहरूको द्वन्द्वको परिस्थिति बढ्दै गएको देखिन्छ । शान्ति-सुरक्षा, राष्ट्रिय अस्मितामा जोखिमहरू बढ्दै गएको देखिन्छ । यी सबै विषयलाई केन्द्रमा राखेर अघि बढ्ने कुरा भएको छ । अब अध्यक्ष प्रचण्डको नेतृत्वमा पार्टीलाई अझ नयाँ उचाइमा युनिफाइड गर्दै अगाडि बढ्छ । जनतासँग माओवादी अभियानलाई प्रभावकारी बनाउने, भ्रष्टाचारविरोधी अभियानलाई जोड दिने, माओवादीले जितेका पालिकालाई समाजवादउन्मुख बनाउने नयाँ निर्णय पनि भएको छ ।

# कस्तो रहला..

पृष्ठ १ को बाँकी

नेपाललाई दिएको अनुदानमा पाँच करोड डलर (छ अर्ब ९० करोड रूपैयाँभन्दा बढी) थप गरिदिएको छ । अमेरिकी विदेश मन्त्रालयका अनुसार सन् २०१९ को सेप्टेम्बरयता अमेरिकाले नेपाललाई ९७ अर्ब रूपैयाँभन्दा बढी सहयोग उपलब्ध गराईसकेको छ ।

ट्रम्पको पहिलो कार्यकालमा अमेरिकाका लागि नेपाली राजदूत रहेका अर्जुनकुमार कार्की दोस्रो पटक उनले सत्ता सम्हाल्दा नेपाल-अमेरिका दुईपक्षीय सम्बन्धमा खासै प्रभाव नपर्ने बताउँछन् । तथापि ट्रम्प प्रशासनले अवलम्बन गर्ने कतिपय नीतिहरूले नेपाललाई अप्रत्यक्ष ढंगले प्रभावित पार्ने कार्कीले बताए ।

नेपालका दुई पूर्वप्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार रहिसकेका कूटनीतिज्ञ दिनेश भट्टराई ट्रम्पको दोस्रो



कार्यकालमा पनि अमेरिकाले चीनप्रति कडा नीति अपनाउने लक्षणहरू देखिएको बताए । 'पहिलो कार्यकालको अनुभव हेर्दा र जुन प्रकारका कठोर स्वभावका व्यक्तिहरूलाई प्रमुख ओहदाहरूमा मनोनयन गरिएको छ, त्यसले चीन र अमेरिकाबीचको प्रतिद्वन्द्विता अझ चर्कने देखिन्छ । घटनाक्रम कसरी अघि बढ्छन्, हामीले नजिकबाट हेर्नुपर्छ । तिब्बतसँग नेपालको सीमाना जोडिएकोले हामी चनाखो भएर बस्नुपर्छ' - उनले भने ।

राष्ट्रपतिमा निर्वाचित भएलगत्तै चीनसहितका देशमा उत्पादित वस्तुहरूमा थप कर लगाउने घोषणा गरेका ट्रम्पले शपथग्रहण समारोहमा चिनियाँ राष्ट्रपति सी जिनपिङलाई निम्तो दिएका थिए । राष्ट्रपति सीले आफ्ना विशेष प्रतिनिधिका रूपमा चिनियाँ उपराष्ट्रपति खान जङलाई शपथग्रहण समारोहमा वाशिङ्टन पठाएका थिए ।

यस्तो अवस्थामा भारत र चीनप्रति अमेरिकी नयाँ प्रशासनको नीतिले नेपालसहित यो क्षेत्रसम्बन्धी नीतिलाई डोऱ्याउने कतिपय विश्लेषकहरूको आंकलन रहेको छ ।

तर विगतमा रिपब्लिकन दलले सत्ताको नेतृत्व गर्दा नेपाल र अमेरिकाबीच उच्चस्तरीय भ्रमण आदानप्रदान भएको उदाहरण दिदैं कतिपय जानकारहरूले रिपब्लिकन दलले बेइजिङ वा दिल्लीको चश्माले नभई सोझै काठमाण्डुलाई हेर्ने गरेको बताउँछन् । अमेरिकी विदेश मन्त्रालयको एउटा आँकडाले एशियाली मुलुकहरूमध्ये अमेरिकी डाइभर्सिटी भिसा (डीभी) चिट्ठा भर्न सबैभन्दा आकर्षण देखिएका देशहरूमा नेपाल दोस्रो स्थानमा रहेको देखाएको छ । ट्रम्पले आफूले कार्यकाल सम्हालेलगत्तै गैरकानूनी रूपमा अमेरिकामा बसिरहेका आप्रवासीहरूलाई देश निकाला गर्ने बताइरहेका छन् । ट्रम्पको उक्त आप्रवासन नीतिका कारण कागजपत्रविहीन आप्रवासीहरूलाई असर पर्न सक्ने देखिन्छ ।






# हार्दिक समवेदना



यस एभरेष्ट इन्टरनेशनल स्कुल, जापानका प्रधानाध्यापक श्री **विष्णुप्रसाद भट्टकी** मातामयी माता **महनादेवी भट्टको** ६६ वर्षको उमेरमा असमायिक निधन भएकोमा विद्यालय परिवार स्तब्ध भएको छ । १३ औं दिनको पुण्य तिथिका अवसरमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## स्व. महनादेवी भट्ट

जन्म: वि.सं. २०१५/१०/१०

स्वर्गारोहण: वि.सं. २०८१/१०/०१

**अध्यक्ष**
**भवन भट्ट एवम्**
**एभरेष्ट इन्टरनेशनल स्कुल, जापान परिवार**

**EVEREST INTERNATIONAL SCHOOL, JAPAN**
エベレスト・インターナショナル・スクール、ジャパン
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051


# KANTIPUR Boutique Japan

विवाह, ब्रतबन्ध, एनिभर्सरी, पास्नी लगायतका पार्टीहरुका लागि आवश्यक पर्ने साडी, कुर्था, लेङ्गा तथा दौरा-सुरुवाल, ढाकाटोपी जस्ता नेपाली-इण्डियन कपडाहरु सुपथ मूल्यमा उपलब्ध गराईन्छ । साथै ढाकाको खादा तथा ब्याच लगायतका सामग्री पनि उपलब्ध छ ।



03-6908-6670
090-9139-9735
facebook.com/kantipurboutique

**Mausam Internatonal Co. Ltd.**
2-4-5 (706) Hyakunincho, Shinjuku-Ku, Tokyo
(Only 30 Second From JR Shin-Okubo Station)


*Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok) www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka*